# गोलन्जोर गाउँपालिकको भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन २०७४

गाउँ कार्यपालिकावाट पारित मितिः२०७४/०७/२०

**परिचयः** यस गाउँपालिका क्षेत्रमा नयाँ बन्ने सडक बाटो र भवनलाई व्यस्थित रुपमा निर्माण गरि बजार र गाउँ बस्तीहरुलाई प्रकोप जन्य जोखिमलाई न्यूनिकरण गरि आम समुदायमा सुरक्षित आवासको निर्माणमा अभिप्ररत गर्न यस गाउँपालिकाले भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन २०७४ लागु गरेको छ ।

**लक्ष्यः** आगामी दिनमा यस गाउँपालिका क्षेत्रमा अब निर्माण हुने भवन सडक र बाटो  व्यबस्थित र सुरक्षित रुपमा निर्माण गराउने लक्षय यस गाउँपालिकाले लिएको छ  ।

**रणनीतिः** आगामी दिनमा बन्ने सडक बाटो र भवनको निश्चित मापदण्ड भित्र ल्याई ५ बर्षमा यस गाउँपालिकालाई व्यबस्थित सडक  बजार  तथा भवन  बनाउने रणनित यस गाउँपालिकाको रहेको छ ।

| | |
|---|---|
| **सडकको चौडाहा** | सडकको न्युनतम चौडाहा ६ मिटर हुनुपर्ने ।<br>सडकको सेटब्याक सडकककको किनाराबाट १.५ मिटर हुनुपर्ने ।<br>हिमाली तथा पाहाडी क्षेत्रका भिरालो जमिनको हकमा न्युनतम ४ मिटर कायम गर्न सकिने ।<br>घुम्ति वा मोडको न्युनतम अर्धव्यास सडकको चौडाहा भन्दा कम्तिमा २० प्रतिशतले बढी हुनुपर्ने ।<br>सार्वजानिक जग्गालाई बाटो देखाइ नक्शापास गर्न नपाइने । |
| **खालि राख्नुपर्ने जमिन** | आवासिय भवनमा २५० वर्गमिटर सम्मको क्षेत्रमा ३० प्रतिशत र सो भन्दा बढिको क्षेत्रफलमा ४० प्रतिशत जमिन खाली राखनुपर्ने ।<br>सरकारी अर्धसरकारी र सार्वजनिक भवनमा ५० प्रतिशत जमिन खाली राखनुपर्ने । |
| **ओपनिङ्ग सेटब्याक** | झ्याल र ढोका राखन न्युनतम १.५ मिटर जमिनको सिमानावाट छोडनु पर्ने । |
| **FAR (Floor Area Ratio)** | आवासिय भवनको निम्ति **FAR=2**<br>व्यवसायिक भवनको निम्ति **FAR=1.75** |
| **सेफ्टि टयाङ्की** | नस्शा पास गर्दा सेफ्टि टयाङ्की सहितको नक्शा पेश गर्नु पर्ने |

| | |
|---|---|
| **जग्गा प्लटिङ्ग** | जग्गा प्लटिङ्ग गर्दा यस गाउँपालिकाबाट **Planning Permit** लिनु पर्ने ।<br>प्लटिङ्गमा जाने मुल सडकको चौडाहा कम्तिमा ८ मिटर हुनुपर्ने<br>प्लटिङ्ग भित्र कम्तिमा ६ मिटर सडक चौडाहा र सडक सिमानाबाट १.५ मिटर सेट ब्याक हुनुपर्ने ।<br>उपयुक्त स्थानमा खुल्ला क्षेत्र हुनुपर्ने। |
| **जोखिम क्षेत्रमा भवन निर्माणको लागि निषेध** | ३० डिग्रि भन्दा भिरालो जमिनमा भवन बनाउन नपाउँने ।<br>खानी भु-गर्भ बिभाग र जिल्ला दैवि प्रकोप उद्धार समितिकले निषेध गरेको स्थानमा भवन वनाउन नपाउँने । |
| **Right of Way सडकको क्षेत्राधिकार** | राष्ट्रिय राजमार्गको केन्द्रवाट दुवै तर्फ(दाया,वाया) पहिलै बस्ति विकास भएको क्षेत्रमा १५ मिटर र सेट व्याक ६ मि रहेको स्थानमा भवन नियमित गर्ने ।<br>पहिलै वस्ति विकास नभएको क्षेत्र र सार्वजनिक ऐलानी पर्ति जग्गामा राष्ट्रिय राजमार्गको केन्द्रबाट २५ मी र सेटव्याक ६ मी कायम गरि नक्सा पास गर्ने। |

१) व्यापारिक प्रयोजन घर

(क) व्यापारिक प्रयोजन सर्टर निकालेर बनाएको आर.सि.सि घर प्रथम तला(भूई तला) प्रति स्क्वायर फिट रु.५ ।

(ख) व्यापारिक प्रयोजन सर्टर निकालेर बनाएको आर.सि.सि घर दोस्रो तला प्रति स्क्वायर फिट रु.६ ।

(ग) व्यापारिक प्रयोजन सर्टर निकालेर बनाएको आर.सि.सि घर तेस्रो तला र सो भन्दा माथि तला प्रति स्क्वायर फिट रु.७ ।

२) आवासिय घर

(क) आवासिय घर बनाएको आर.सि.सि घर पहिलो तलाको प्रति स्क्वायर फिट रु.४ ।

(ख) आवासिय घर बनाएको आर.सि.सि घर दोस्रो तलाको प्रति स्क्वायर फिट रु.५ ।

(ग) आवासिय घर बनाएको आर.सि.सि घर तेस्रो तला र सो भन्दा माथि प्रति स्क्वायर फिट रु.६ ।

**गोलन्जोर गाउँपालिका**

**ग्वालटार सिन्धुली**